
# पर्सा गाउँपालिकाको
# समावेशी शिक्षा नीति तथा  निर्देशिका

## Parsa Rural Municipality Inclusive Education Policies and Guidelines



पर्सा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
पर्सा, सर्लाही
प्रदेश नम्बर २

विषयसूची


१. पृष्ठभूमि ........ १
२. विगतका प्रयास ........ १
३. वर्तमान अवस्था ........ २
३.१ विद्यालय विद्यार्थी अनुपात ........ २
३.२ प्रारम्भिक बालविकास केन्द्र र बालबालिकाको संख्या ........ २
३.३ विभिन्न समुदायबाट प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिका ........ ३
३.४ प्रारम्भिक बालविकास केन्द्रको अनुभव लिएर कक्षा १ मा प्रवेश गर्ने बालबालिका ........ ३
३.५ पर्सा गाउँपालिकाका विद्यालयहरूमा अध्ययनरत दलित विद्यार्थीहरूको अवस्था ........ ३
३.६ विद्यालयबाहिर रहेका बालबालिकाहरूको संख्या ........ ३
३.७ सामुदायिक विद्यालयमा कार्यरत शिक्षक संख्या ........ ३
३.८ प्राथमिक तहमा कक्षोन्नति दर प्रतिशतमा ........ ४
३.९ समावेशी शिक्षक प्रबन्ध ........ ४
४. समस्या तथा चुनौती ........ ४
५. समावेशी शिक्षा नीतिको आवश्यकता ........ ५
६. दूरदृष्टि ........ ६
७. लक्ष्य ........ ६
८. उद्देश्य ........ ७
९. रणनीति ........ ७
१०. नीति तथा कार्यक्रम ........ ७
१०.१ विद्यालय भौतिक पूर्वाधारमा सुधार ........ ७
१०.२ प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन ........ ८
१०.३ सुशासन व्यवस्था ........ ८
१०.४ शिक्षकरकर्मचारी व्यवस्थापन र पेसागत विकास ........ ९
१०.५ पाठ्यक्रम तथा शैक्षणिक व्यवस्थापन ........ ९
१०.६ स्वास्थ्य र सरसफाइ ........ १०
१०.७ निजी विद्यालयको नियमन ........ १०
१०.८ निरन्तर शिक्षा ........ १०
११. नीति कार्यान्वयनको जिम्मेवारी ........ ११
१२. संस्थागत व्यवस्था ........ ११
१३. कानुनी व्यवस्था ........ ११
१४. अनुगमन तथा मूल्याङ्कन ........ १२

# १. पृष्ठभूमि

पर्सा गाउँपालिका प्रदेश नं २ को सर्लाही जिल्लामा अवस्थित छ । मलंगवा नगरपालिकाबाट पूर्वतिर रहेको यस पालिकाको मुख्य भाषा बज्जिका हो । हाल पर्सा गाउँपालिकामा पु?षको जनसंख्या ४७६७ र महिलाको जनसंख्या ३१९९ रहेको छ भने यस पालिकामा जम्मा ३३४२ घरधुरी छन् । पर्सा गाउँपालिका समावेशी शिक्षा नीतिको माध्यमबाट सम्पूर्ण क्षेत्रको विकास गर्न योग्य, शिक्षित, सभ्य, स्वस्थ, सक्षम र ऊर्जाशील जनशक्ति तयार गर्न उद्दत छ । समावेशी शिक्षाको प्रवर्धनले नै यस गाउँपालिकाको आर्थिक, सामाजिक, शैक्षिक रूपमा पछाडि परेको यो पालिकाको विकासमा महत्वपूर्ण टेवा पुऱ्याउँदछ । व्यावसायिक, सीपमूलक, गणस्तरीय शिक्षाले विकासका आधार तयार गर्दछ । सबै जातजाति, भाषाभाषी, धर्म, लिङ्ग, वर्ग, भूगोलका बासिन्दा र शारीरिक अवस्थाका मान्छेको समतामूलक पहुँच शिक्षा क्षेत्रमा स्थापित गर्नु समावेशी शिक्षा नीतिको मूल उद्देश्य हो । हरेक नागरिकलाई आधारभूत तथा माध्यमिक तहसम्म शिक्षा निस्शुल्क पाउने, अपांगता भएका व्यक्ति, दलित, महिला र पिछडावर्गका बालबालिकाहरूले पनि निःशुल्क शिक्षा पाउनुपर्ने कुरामा जोड दिनु आजको आवश्यकता हो । आर्थिक र सामाजिक रूपमा पिछडिएका बालबालिकाहरूको शिक्षामा पहुँच सहज हुन सकेको छैन । मुस्किलले विद्यालय प्रवेश गरेका बालबालिकाहरूको शैक्षिक स्तर तुलनात्मक रूपमा  कमजोर नै पाइन्छ । सार्वजनिक शिक्षाको गुणस्तर समावेशी शिक्षा व्यवस्थापनबाट मात्र संभव छ ।

# २. विगतका प्रयास

यस गाउँपालिकाअन्तर्गत आधारभूत विद्यालय नारायणपुरमा ४ कोठे र प्रावि पर्सामा २ कोठे थप पक्की भवन बनाइएको छ । विद्यालयमा चर्पी, घेरा पर्खाल, भवन मर्मत, विद्युतीकरण, फर्निचर र हयाण्डपाइप उपलब्ध गराई केही हदसम्म भौतिक पूर्वाधारको कमी पूरा गर्ने प्रयास गरिएको, विषयगत शिक्षकको अभाव पूरा गर्न स्वयंसेवक शिक्षकहरूको भर्ना गरिएको, विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको, वर्ल्ड भिजनअन्तर्गतका समावेशी शिक्षा (सिकाइ) परियोजनाको सहायतामा गुणस्तरीय समावेशी शिक्षा कार्यको थालनी गरिएको (जस्तो विद्यालयभित्र तथा बाहिर रहेका बालबालिकाहरूको स्क्रिनिंग गर्ने), विद्यार्थीको व्यावहारिक ज्ञानका लागि देशको विभिन्न ठाउँ अवलोकन भ्रमण गराइएको, खेलकुदको विकासका लागि खेलकुद सामग्री र गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता गराइएको,

अभिभावकहरूलाई जवाफदेही र शिक्षाको गुणस्तर बढाउन विद्यालय व्यवस्थापन समिति गठन गराई यस गापामा शिक्षाका समस्याहरू न्यूनीकरण गर्ने प्रयास गरिएको छ .

## ३. वर्तमान अवस्था

विगतको प्रयासबाट धरै थोरै भौतिक पूर्वाधारको कमीमा सुधार भए पनि शिक्षक र विद्यार्थीको आनुपातिक संख्यामा कमी नै छ भने विद्यार्थीको अतिरिक्त क्रियाकलापहरूमा पर्याप्त ध्यान दिन सकिएको छैन । अपांगता भएका बालबालिकालगायत पछाडि परेका वर्गका बालबालिकाहरूको अझै पनि विद्यालयमा उचित पहुँच हुन सकेको छैन । भौतिक पूर्वाधारहरू पहुँचयुक्त छैनन् भने विशेष प्रकारको सिकाइ आवश्यकता भएका बालबालिकाहरूका लागि शिक्षकलाई तालिम, पाठ्यसामग्री लगायत उपयुक्त सिकाइ वातावरण दिन सकिएको छैन । सिकाइ परियोजनाले घुम्ती शिक्षकको व्यवस्थालगायत केही कुराहरूमा सहयोग गर्न खोजे पनि स्रोत कक्षालगायत उपयुक्त सामग्री र विधिको प्रयोगको अभावमा अपांगता भएका बालबालिकाहरूका लागि शैक्षिक वातावरण सजिलो छैन । बालबालिकाहरूको क्रियात्मक सीमितता पहिचान गर्न परियोजनाले सु?वात गराएको छ भने आगामी दिनमा यसको निरन्तरता एक चुनौतीका रूपमा रहेको छ । यहाँ शिक्षा मन्त्रालय, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रको वि सं २)७४ को विद्यालयस्तरीय शैक्षिक तथ्यांकमा आधारित विश्लेषण प्रस्तुत गरिएको छ । तथ्याङ्कले यस गाउँपालिकामा समावेशी शिक्षा नीतिको टड्कारो खाँचो महसुस गराउँछ । पर्सा गाउँपालिकामा !२ वटा बालविकास केन्द्र र !५ वटा विद्यालय छन् जसमा कक्षा !२ सम्म सञ्चालित माा वि को संख्या !, कक्षा !) सम्म सञ्चालित ! वटा र कक्षा ५ सम्म सञ्चालित आधारभूत विद्यालय !३ वटा छन् ।

### ३.१ विद्यालय विद्यार्थी अनुपात

यस गाउँपालिकाका प्राथमिक तहमा जम्मा ३४६९ जना विद्यार्थी पढ्छन् भने निम्न माध्यमिक तहमा ८२१ जना, माध्यमिक तहमा ४२३ जना र उच्च माध्यमिक तहमा ४२८ जना विद्यार्थी अध्ययनरत छन् । त्यस्तै गरी प्राथमिक तहमा औसत २३१ जना, निम्न माध्यमिक तहमा ४११ जना, माध्यमिक तहमा २१२ जना र उच्च माध्यमिक तहमा ४२८ जना विद्यार्थी अध्ययनरत पाइए ।

### ३.२ प्रारम्भिक बालविकास केन्द्र र बालबालिकाको संख्या

यस गाउँपालिकामा जम्मा १२ वटा प्रारम्भिक बालविकास केन्द्र छन् जसमा ६३ जना छात्रा र ६६ जना छात्र सहभागी छन् ।

**३.३ विभिन्न समुदायबाट प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिका**

यस गाउँपालिकाका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकामध्ये दलित समुदायका २ जना छात्रा र ६ जना छात्र गरी जम्मा ८ जना, जनजाति समुदायबाट ५ जना छात्रा र १ जना छात्र गरी जम्मा ६ जना र अन्य समुदायबाट ५६ छात्रा र ५९ छात्र गरी जम्मा ११५ जना सहभागी छन् । प्रारम्भिक बालविकास केन्द्रमा अपाङ्गता भएका बालबालिका कुनै पनि विद्यालयमा गएका छैनन् । सबै समुदायबाट ६३ जना छात्रा र ६६ जना छात्र गरी जम्मा १२९ जना बालबालिका मात्र यो तहको सुविधा लिन सफल भएका छन् ।

**३.४ प्रारम्भिक बालविकास केन्द्रको अनुभव लिएर कक्षा १ मा प्रवेश गर्ने बालबालिका**

कक्षा १ मा भर्ना भएका कुल ६९३ जना बालबालिकामध्ये ४२५ जना अर्थात् ६१.३ प्रतिशत बालबालिकाले मात्र प्रारम्भिक बालविकास केन्द्रको अनुभव लिएका छन् ।

**३.५ पर्सा गाउँपालिकाका विद्यालयहरूमा अध्ययनरत दलित विद्यार्थीहरूको अवस्था**

यस गाउँपालिकाका विद्यालयहरूको प्राथमिक तहमा १७९ जना छात्रा र १४९ जना छात्र गरी जम्मा ३२८ जना,  दलित समुदायका बालबालिका निम्न माध्यमिक तहमा २६ जना छात्रास ५० जना छात्र गरी जम्मा ७६ जनास  माध्यमिक तहमा ६० जना छात्रा र १०९ जना छात्र गरी जम्मा १६९ जना र उच्च माध्यमिक तहमा १८ जना छात्रा र १२ जना छात्र गरी जम्मा ३० जना विद्यार्थी अध्ययनरत छन् ।

**३.६ विद्यालयबाहिर रहेका बालबालिकाहरूको संख्या**

यस गाउँपालिकामा ५ वर्षका ६२६ जना बालबालिका, ५ देखि ९ वर्ष उमेर समूहमा ३०४७ जना बालबालिका , १० देखी १२ वर्षका १०१३ जना बालबालिका, १३ देखि १४ वर्षका ६९३ जना बालबालिका र १५ देखि १६ वर्षभित्र १५३७ जना बालबालिका अझै विद्यालयबहिर रहनुले ठूलो संख्याका बालबालिका विद्यालयबाहिर रहेको पुष्टि गर्दछ ।

**३.७ सामुदायिक विद्यालयमा कार्यरत शिक्षक संख्या**

यस गाउँपालिकाका विद्यालयहरूको प्राथमिक तहमा ३८ जना, निम्न माध्यमिक तहमा २४ जना, माध्यमिक तहमा ४ जना र उच्च मा वि को दरबन्दीमा २ जना शिक्षक कार्यरत छन् ।

### ३.८ प्राथमिक तहमा कक्षोन्नति दर प्रतिशतमा

कक्षा १ का विद्यार्थी कक्षा २ मा प्रवेश गर्दा ८०.३ प्रतिशत छात्रा र ८५.४ प्रतिशत छात्र गरी जम्मा ८३.७ प्रतिशत विद्यार्थी सफल भएका पाइए भने यो क्रम माथिल्ला कक्षाहरूमा तुलनात्मक रूपमा बढेको पाइन्छ ।

### ३.९ समावेशी शिक्षक प्रबन्ध

| | | |
|---|---|---|
| अपाङ्गता भएका व्यक्तिबाट शिक्षक | संख्या | नरहेको |
| महिला प्रधानाध्यापक | संख्या | नरहेको |
| दलित प्रधानाध्यापक | संख्या | नरहेको |
| महिला विद्यालय व्यवस्थापन समितिका अध्यक्ष | संख्या | नरहेको |

## ४. समस्या तथा चुनौती

यस गाउँपालिकामा विद्यालयहरूका समस्यालाई केलाएर हेर्दा दर्जनौं समस्या भेटिन्छन् । समस्याका प्रमुख क्षेत्रमा भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, सुशासन, पहुँच र गुणस्तर पर्दछन् । शिक्षमा राज्यबाट गरिएको लगानी पर्याप्त छ भन्न त मिल्दैन तर संघीय, प्रदेश र स्थानीय सरकारबाट गरिएको लगानीका अलावा विकास साझेदारसँगबाट गरिएको लगानीसमेत जोडेर हेर्दा राम्रै लगानी गरिएको भेटिए तापनि लगानीअनुसारको सुधार विद्यालय शिक्षामा भएको पाइन्न । कतिपय अवस्थामा छुट्याइएको बजेट तोकिएको शीर्षकमा तोकिएको समयमा खर्च नहुनाले कार्यक्रमले गरेको अपेक्षा पूरा नभएको समेत अवस्था छ । संस्थागत क्षमता कमजोर छ । विद्यालयमा कार्यरत जनशक्तिमा पेसागत सीपको अभाव छ । समुदायका ठूलो संख्याका बालबालिका अझै विद्यालयबाहिर छन् । विद्यालयबाहिर रहेका बालबालिकामा गरिब घर परिवारका, दलित, मुस्लिम अपाङ्गता भएका र सीमान्तकृत समुदायका छन् । विद्यालयमा भर्ना भएका यस समुदायका बालबालिका पनि विद्यालय शिक्षामा निरन्तरता नहुनाले सरकारी लागानीको पूर्ण सदुपयोग हुन सकेको अवस्था छैन । विद्यालय पक्षसँग छलफलका क्रममा पहिचान भएका समस्यालाई यहाँ उल्लेख गरिएको छ ।

१. पर्याप्त पूर्वाधारको अभाव,
२. विषयगत शिक्षकको अपर्याप्तता,
३. अपााङ्गतामैत्री कक्षाकोठा र फर्निचरको अभाव,
४. स्वच्छ पिउनेपानी र शौचालयको अपर्याप्तता,

५. अभिभावकको जवाफदेहितामा कमी
६. शिक्षक, विद्यार्थीहरूले समयको पालना नगर्नु,
७. प्र.अ. तथा शिक्षकको जवाफदेहितामा कमी,
८. समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु,
९. स्थानीय तह विद्यालयतर्फ कम जिम्मेवार देखिएको,
१०. समावेशी शैक्षिक सामग्रीको अभाव,
११. अनुगमनको अभाव
१२. समावेशी विद्यालय वातावरण नभएको,
१३. सरसफाई सामाग्री, मास्क, स्यानिटाइजर र थर्मल गनको अभाव,
१४. खेल मैदान तथा खेल सामग्रीको अभाव,
१५. लैङ्गिकमैत्री शिक्षणको अभाव,
१६. विद्यालयबाहिरका पक्षबाट विद्यालय भवन तथा शौचालयको दुरुपयोग भएको,
१७. राम्रो काममा पुरस्कार तथा अक्षम्य गल्तीमा दण्डको व्यवस्था नहुनु
१८. विशेष शिक्षा तथा स्रोतकक्षाको व्यवस्था (बालबालिकाको स्क्रिनिंगको निरन्तरता र त्यसैअनुसार आवश्यकताका आधारमा स्रोत कक्षाको व्यवस्था) नभएको
१९. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ निर्माण हुन नसक्नु तथा भएको ठाउँमा सक्रिय नहुनु,
२०. नीति निर्माण तथा सोको पालनामा कमी
२१.अतिरिक्त क्रियाकलाप नगराउनु
२२. पुस्तकालय तथा प्रयोगशालाको अभाव
२३. प्रारम्भिक बाल कक्षा संचालनमा कमी
२४. सीपमूलक, व्यावसायिक तथा प्राविधिक शिक्षा, उद्योगमुखी शिक्षा

## ५. समावेशी शिक्षा नीतिको आवश्यकता

वि सं २०७२ मा जारी भएको नेपालको संविधानले मुलुकमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक, भाषिक, धार्मिक, ऐक्यबध्दता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धदन गर्दै वर्गीय जातीय, क्षेत्रीय, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा

समतामूलक समाजको निर्माण परिकल्पना गरेको छ । यसै संविधानको धारा १८ मा समानताको अन्तर्गत सबै नागरिक कानूनका दृष्टिमा समान रहने र उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भनिएको छ। समावेशी र समतामूलक गुणस्तरीय शिक्षा र सबैका लागि जीवनोपयोगी सिकाइका लागि सिकाईन्छन् ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले समावेशी र विशेष शिक्षा शीर्षकमा अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्ने नीति लिएको । त्यस्तै गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरू अवलम्बन गर्ने नीति अख्तियार गरेको छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ ले विद्यालय तहको शिक्षाको व्यवस्थापनका विभिन्न पक्षहरूको जिम्मेवार स्थानीय सरकारलाई नै बनाएको छ। आफ्नो तहभित्रका सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको प्रबन्ध गर्ने भूमिका स्थानीय तहलाई दिएको छ । यसै परिप्रेक्ष्यमा सर्लाही जिल्लाको पर्सा गाउँपालिकामा सबै समुदायबाट आउने बालबालिकाको विद्यालय शिक्षामा उपस्थिति र निरन्तरता एवं सफलताका दृष्टिले सन्तोषजनक अवस्था नरहेकाले विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय भित्र्याउन, कक्षामा टिक्ने वातावरण बनाउन र गुणस्तरीय शिक्षाले व्यक्तिलाई सक्षम बनाउन यस गाउँपालिकाका लागि अलग्गै समावेशी शिक्षा नीतिको आवश्यकता परेको हो । यो नीति नै पर्सा गाउँपालिकाको मूल शिक्षा नीति हो ।

## ६. दूरदृष्टि

"गुणस्तरीय र समावेशी शिक्षास सभ्य र दक्ष नागरिक पर्सा गाउँपालिकाको इच्छा"

## ७. लक्ष्य

समतामूलक गुणस्तरीय जीवनोपयोगी शिक्षाको माध्यमबाट सभ्य, दक्ष र प्रतिस्पर्धी नागरिकको उत्पादन गर्नु यस नीतिको लक्ष्य रहेको छ ।

## ८. उद्देश्य

विद्यालयलाई समावेशी, अपाङ्गमैत्री भौतिक पूर्वाधार सम्पन्न र जीवनोपयोगी शिक्षाको माध्यबाट सभ्य, सक्षम, प्रतिस्पर्धी जनशक्ति तयार गर्ने,

१. आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा र शिक्षण पद्धतिलाई प्रभावकारी र व्यवस्थित बनाउनु,
२. सवै बालबालिका, जाति, धर्म, लिङ्ग र आर्थिकस्तरका वालबालिकाको शिक्षाको पहुँचलाई सुनिश्चित गर्नु,
३. शिक्षालाई व्यवासायिक, रोजगारीमूलक र जिवनोपयोगी बनाउनु,
४. विद्यालयहरुको सवैखाले भौतिक पूर्वाधारहरुलाई व्यवस्थित गर्नु
५. सामुदायिक, संस्थागत र धार्मिक शिक्षण संस्थाहरुलाई व्यवस्थित तथा प्रभावकारी बनाउनु

## ९. रणनीति

१. विद्यालयका न्यूनतम भौतिक पूर्वाधार भूकम्प प्रतिरोधी र अपाङ्गमैत्री बनाउने ।
२. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्रियाशीलता वढाउन सशक्तीकरण कार्यक्रम चलाउने ।
३. शिक्षक र कर्मचारीको पेसागत विकास तालिम नियमित रूपमा सञ्चालन गरी सक्षमताको तह वृद्धिका अवसरको सिर्जना गर्ने ।
४. विद्यालयका सबै प्रकारका संरचनालाई समावेशी बनाउने ।
५. विद्यालयका पदाधिकारीहरुको जवाफदेहिता कायम गर्नका लागि वैज्ञानिक विधि बनाउने ।
६. विद्यालय सञ्चालन पद्धतिमा सुशासन कायम गर्ने ।
७. अपाङगता भएका बालबालिकाको विद्यालयमा प्रवेश र टिकाउका लागि विद्यालय वातावरण र उनीहरूको खाँचोको सम्बोधन गर्ने
८. प्रेरक वस्तुको सहयोगका लागि विद्यालयको नियमित व्यवस्थापनका अतिरिक्त विद्यालयमा अलग्गै कोषको व्यवस्था गर्ने ।

## १०. नीति तथा कार्यक्रम

### १०.१ विद्यालय भौतिक पूर्वाधारमा सुधार

क. विद्यालय भवन कक्षाकोठा फर्निचर शौचालय छात्रामैत्री तथा अपाङ्गमैत्री

बनाइने छ ।

ख. विद्यालयमा खानेपानी, खेलमैदान, खेल सामग्रीको व्यवस्था समानुपातिक र समावेशी आधारमा प्रयोग गर्न सक्ने गरी मिलाइने छ ।

ग. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर कक्षको व्यवस्था प्रयोगयोग्य बनाइने छ ।

घ. पर्सा गाउँपालिकाले आफ्नो क्षेत्रका विद्यालयहरूमा एकरूपता कायम गर्नका लागि भौतिक पूर्वाधारको मानक बनाउनेछ ।

ङ. अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सामग्रीसहितको स्रोतकक्षाको व्यवस्था मिलाइने छ ।

च. विद्यार्र्थीहरू कम भएका विद्यालयहरूमा भौगोलिक दूरीलाई मध्यनजर गरी एकीकृत रूपमा समायोजन गरी गुणस्तरीय शिक्षा व्यवस्थापन गर्दै लगिने छ ।

## १०.२ प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन

क. जनसंख्याको आधारमा समुदाय र विद्यालयमा आधारित बालविकास केन्द्रको व्यवस्था मिलाइने छ ।

ख. बालविकास केन्द्रको व्यवस्थापनमा अपाङ्गता भएका बालबालिका र सीमान्तकृत समुदायका बालबालिकासमेतलाई ध्यान पुऱ्याएर आवश्यक व्यवस्थापन गरिने छ ।

ग. बालविकास केन्द्रको स्तर तोकिएको आधारमा कायम गरिने छ ।

घ. वालविकास केन्द्रमा सिकाइ कुन्ना, शिक्षक र अभिभावक शिक्षालगायत क्षमता विकास कार्यक्रमलाई आवश्यक व्यवस्थापन गरिने छ ।

## १०.३ सुशासन व्यवस्था

क. पर्सा गाउँपालिकाले परिवर्तित सन्दर्भमा शिक्षा ऐन, नियम र शिक्षासम्बन्धी कार्यविधि अद्यावधिक गर्नेछ ।

ख. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई तत्काल पूर्णता दिनेछ ।

ग. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई आफ्नो जिम्मेवारीका बारेमा सुसूचित गराउन नियमित अभिमुखीकरण तालिम

सञ्चालन गर्नेछ ।

घ. विद्यालयमा गठन हुने सबै प्रकारका एकाइहरू समावेशी आधारमा बन्नेछन् ।

ङ. विद्यालयका हरेक गतिविधिको जानकारी सार्वजनिक गराउने प्रबन्ध गरिने छ ।

च. विद्यालयका विभिन्न पक्षको आचारसंहिता बनाउन लागाई सोको पालना गराइने छ ।

छ. विद्यालयलाई शान्ति क्षेत्र घोषणा र बालमैत्री बनाउन व्यवस्था मिलाइने छ ।

ज. विद्यालयमा अनुगमन पद्धतिलाई मजबुत पारी अनुगमनले ठहऱ्याएका आधारमा दण्ड र पुरस्कारको व्यवस्था मिलाइने छ ।

झ. विद्यालयको अभिलेख प्रणालीलाई डिजिटलाइज्ड गरिने छ ।

## १०.४ शिक्षकरकर्मचारी व्यवस्थापन र पेसागत विकास

क. गाउँपालिकामा विद्यार्थी संख्या, विषय र कक्षाका आधारमा शिक्षक दरबन्दी मिलान गरिने छ ।

ख. दरबन्दी नपुगेका विद्यालयमा स्थानीय स्रोतबाट शिक्षकरकर्मचारी पूर्ति गर्ने व्यवस्थाको खोजी गरिने छ ।

ग. शिक्षकर कर्मचारीको पेसागत विकासका लागि तालिमलाई नियमितता दिइने छ ।

घ. शिक्षकलाई समावेशी कक्षा व्यवस्थापन र शिक्षण प्रबन्धका बारेमा जानकारी गराउन तालिमको व्यवस्था मिलाइने छ ।

## १०.५ पाठ्यक्रम तथा शैक्षणिक व्यवस्थापन

क. विद्यालयहरूमा एकरूपता ल्याउनका लागि स्तरीय वार्षिक शैक्षिक कार्य पात्रोको प्रयोग गरिने छ ।

ख. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरिने छ ।

ग. साना कक्षामा स्थानीय भाषामा अध्यापन गर्न संभाव्यता अध्ययन गराई कार्य योजना बनाइने छ ।

घ. हरेक विद्यालयमा शिक्षक निर्मित शैक्षिक सामग्रीको प्रयोग गरिने छ । शैक्षिक सामग्री निर्माणका लागि शिक्षकलाई तालिम तथा स्रोतको व्यवस्था गरिने छ ।

ङ. अपाङ्गता भएका बालबालिकाहरूको पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री, शिक्षण विधि र मूल्याङ्कनका औजारहरूको अनुकूलन गरिने छ ।

च. शिक्षणमा सूचना प्रविधिलाई प्रचुर मात्रामा भित्र्याइने छ ।

छ. दृष्टिविहीन र बहिरा बालबालिकाका लागि अलगअलग सिकाइ सामग्रीको व्यवस्था गरिने छ ।

## १०.६ स्वास्थ्य र सरसफाइ

क. सबै विद्यालयका कक्षा ५ सम्मका बालबालिकाहरूलाई निःशुल्क दिवाखाजाको प्रबन्ध मिलाइने छ ।

ख. हरेक विद्यालयमा शुद्ध पिउने पानीको फिल्टर र बालबालिका रअपाङ्गतामैत्री धाराको व्यवस्था गरिने छ ।

ग. अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक मोबिलिटीका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्था गरिने छ ।

घ. हरेक विद्यालयमा किशोरीलाई आवश्यक पर्ने आइरन चक्की, स्यानिटरी प्याड, मास्क, हात धुने साबुन, स्यानिटरी स्प्रे र फोहोर जम्मा गर्ने भाँडो तथा फोहोरको विसर्जन गर्ने खाडलको प्रबन्ध गरिने छ ।

ङ. हरेक विद्यालयमा प्राथमिक उपचारका लागि अलग्गै कक्ष र उपचारका सामग्रीको प्रबन्ध मिलाइने छ ।

च. नजिकको स्वास्थ्य चौकीबाट हरेक १५ दिनमा विद्यार्थीहरूको नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइने छ ।

## १०.७ निजी विद्यालयको नियमन

क. निजी स्तरबाट सञ्चालित विद्यालय शिक्षालाई सुलभ, समावेशी र गुणस्तरीय बनाउन प्रभावकारी नियमन गरिने छ ।

ख. न्यूनतम पूर्वाधार पूरा गर्न नसक्ने निजी विद्यालय खारेज गरिने छ ।

## १०.८ निरन्तर शिक्षा

क. निरन्तर शिक्षाका माध्यमबाट यस गाउँपालिकाका सबै नागरिकको निराक्षरता उन्मूलन गर्दै जीवनोपयोगी सीप सिक्ने अवसरको विकास गरिने छ ।

ख. निरन्तर शिक्षाको कार्यक्रममार्फत डिजिटल साक्षरता र दैनिक जीवनमा

आइपर्ने हरहिसाब गर्न तथा उद्यम व्यवसाय चलाउन आवश्यक वित्तीय साक्षरताको जानकारी गराइने छ ।

ग. निरन्तर शिक्षाको पाठ्यसामग्रीमा समावेशी विषयवस्तु राखिने छ ।

घ. निरन्तर शिक्षाको प्राप्ति प्रकियामा व्यक्तिको फरक अवस्थालाई ख्याल पुऱ्याइने छ ।

ङ. धार्मिक विद्यालय (मदर्सा) तथा निजी विद्यालयमा समेत सामुदायिक विद्यालयको पठ्यक्रम लागु गरी आधारभूत शिक्षामा एकरूपता कायम गरिने छ ।

## ११. नीति कार्यान्वयनको जिम्मेवारी

समावेशी शिक्षा नीति, २०७६ लाई कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी पर्सा गाउँपालिकाको हुनेछ । यस पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई नीति कार्यान्वयनको संपर्क केन्द्रका रूपमा स्थापित गरी सबै विद्यालयमा रहेका विद्यालय व्यवस्थापन समितिमार्फत कार्यान्वयन गरिने छ । यस नीति कार्यान्वयन गर्ने प्रमुखस्थल विद्यालय भएकाले विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको भूमिकालाई प्रधानता दिइएको छ ।

## १२. संस्थागत व्यवस्था

पर्सा गाउँपालिकाको समावेशी शिक्षा नीति, २०७६ को कार्यान्वयन गर्न देहायबमोजिमका एकाइहरू जिम्मेवार हुनेछन् ।

क) गाउँसभा
ख) गाउँ कार्यपालिका
ग) सामाजिक विकास समिति
घ) शिक्षा युवा तथा खेलकुद शाखा
ङ) विद्यालय व्यवस्थापन समिति
च) शिक्षक अभिभावक संघ
छ) प्रधानाध्यापक र शिक्षकहरू

## १३. कानुनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकारभित्र रही पर्सा गाउँपालिकाको

समावेशी शिक्षा नीति, २०७६ लाई कार्यान्वयन गर्न यस गाउँपालिकाले शिक्षा ऐन, नियम र कार्यविधिमा व्यवस्था गरी कार्यान्वयनमा ल्याउने छ ।

## १४. अनुगमन तथा मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको समग्र अवस्थाको अनुगमन र मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ । अनुगमनमा विज्ञद्वारा गरिने शैक्षणिक सुपरिवेक्षणलाई प्राथमिकता दिइने छ। समूह सुपरिवेक्षणसमेतलाई ध्यान दिइने छ। गाउँ कार्यपालिकाले यस कार्यका लागि सामाजिक विकास समितिलाई प्रमुख जिम्मेवार बनाई यसको अभिलेखीकरणको कार्य शिक्षा, युवा तथा खेलकुद शाखामा हुने व्यवस्था मिलाइने छ । अनुमनमा पृष्ठपोषणको व्यवस्था अनिवार्य गरिने छ भने अनुगमन प्रतिवेदनकै आधारमा व्यक्ति वा संस्थालाई दण्ड वा पुरस्कारको व्यवस्था गरिने छ ।